१.१ रामधुनी नगरपालिकाको पाँचौ नगर सभा वाट पारित आ.व. २०७६/०७७ को नीति, बजेट, तथा कार्यक्रम

नगर उप प्रमुख सविना चौधरी बाट

प्रस्तुतीकरण

नगरसभाका अध्यक्ष ज्यू

उपस्थित सदस्य ज्यू

रामधुनी नगरपालिकाको पाँचौ नगर सभामा उपस्थित सम्पूर्ण नगर सभा सदस्यहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

सर्वप्रथम ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, लोकतान्त्रिक गणतन्त्रको स्थापनाको क्रममा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

यो नीति, बजेट तथा कार्यक्रमलाई रामधुनीनगरपालिकाको तर्फबाट स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गर्दै नगरको चौतर्फी विकासका लागि नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यबिधि तथा नियमहरु, आवधिक नगर विकास योजना, नगर सभा वाट पारित विभिन्न ऐन, नियम, कार्यविधि वमोजिम राजश्व परामर्श समिति, बिभिन्न बिषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति र बजेट निर्माणसंग आबश्यक पर्ने बिभिन्न चरणहरु पार गर्दै संम्वन्धित बिज्ञहरुको राय सल्लाह र सुझाव तथा नगर कार्यपालिका सदस्यहरुको समन्वयमा यो आ.व. २०७६/०७७ का लागि तय गरिएको बजेट, नीति तथा कार्यक्रम यस पाचौ नगर सभामा प्रस्तुत गर्न पाउँदा हर्षित भएकोछु।

रामधुनी नगरपालिकाको भौतिक पूर्वाधार विकास भइ नसकेको, दक्ष पदको आवश्यकता वमोजिमका कर्मचारीहरुको कमी, प्रयाप्त ऐन नियम र निर्देशिकाहरु तयार हुन नसकेको र भौतिक पूर्वाधारहरु र प्रशासनिक भवनको कमीका बीचमा रामधुनी नगरपालिकालाई अगाडि बढाउदै लानुपर्ने चुनौतिहरु हामी माझ छ। नगरबासीहरुमा पनि हामी गाउँबासीबाट नगरबासी भएका छौं भन्ने पूर्ण अनूभूति भइनसकेको र नगरपालिकाको स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिहरुको बहाली भई पहिलो वर्ष पुरा गर्दा सम्म नगरबासीहरुको आकांक्षामा भएको बढोत्तरीलाई एकैपटक सम्बोधन गर्न बिद्यमान स्रोत साधनको सीमितताको कारणले नगरपालिकाको आफ्नो स्रोत साधन र क्षमताले भ्याए सम्म अधिकतम सदुपयोग गर्ने गरी नीति, बजेट तथा कार्यक्रमहरु यस बजेटमा समावेश गर्ने प्रयास गरिएकोछ।

## १.२ दुर दृष्टी

"व्यवसायिक कृषि र उद्यम सहितको पर्यटकीय शहर,
स्वस्थ,सुसस्कृत र प्रविधिमा आधारित समृद्ध रामधुनी नगर"

## १.३ लक्ष्य

**"आगामी ५ बर्ष भित्र दीगो शहरी विकासका लागि आवश्यक आर्थिक, सामाजिक, भौतिक, सास्कृतिक तथा प्रशासनिक पूर्वाधारहरूको जग स्थापित भई आगामि २५ बर्ष भित्र सुनसरी जिल्लाको एक सुविधा सम्पन्न समृद्ध नगरको रुपमा विकसित भएको हुनेछ"**

## २.४ दिगो विकासको लक्ष्य

सेप्टेम्बर २०१५ मा सम्पन्न ऐतिहासिक राष्ट्रसंघीय महाँसभाबाट १९३ सदस्य मुलुकहरूले पारित गरेर जनवरी १, २०१६ देखि लागु गरेको दिगो विकास लक्षहरू (Sustainable Development Goals) नेपालको सन्दर्भमा अत्यन्तै समय सान्दर्भिक रहेकोछ। यो लक्ष मानव समाजका सवै पक्ष बाट निरपेक्ष गरिवीको अन्त्य गर्ने एउटा ऐतिहासिक, साहासिक र विश्वब्यापी सहमति हो। सन २०३० भित्र मानव जाति र पृथ्वीका लागि समतापूर्ण, न्यायसंगत र सुरक्षित विश्व निर्माण गर्नु रहेको छ। दिगो विकासका १७ लक्ष र १६९ कार्य लक्षहरू यस संसारलाई बदल्ने र सभ्य र विकसित समाजको निर्माण गर्ने दिगो बिकास एजेण्डा २०३० को एउटा भाग समेत भएकाले उक्त विषयले नेपालको दिगो विकास तथा रामधुनी नगरपालिकाको दिगो विकासमा समेत योगदान पुर्‍याउने भएकोले यस

नगरको बार्षिक नगर विकास योजना तयारीका क्रममा समेत यसलाई समेत आधार बनाउने प्रयत्न गरिएको छ। दिगो विकास लक्षका मूख्य विषय बस्तु देहाय बमोजिम उल्लेख गरिएका छन्।

- गरिवी दरलाई २१.६ बाट ४.९ मा झार्ने।
- पुड्कोपनलाई ३६ प्रतिशत बाट १५ प्रतिशतमा ल्याउने।
- मातृ मृत्यूदरलाई २५८ प्रतिलाख बाट ६९ मा ल्याउने।
- ७५ प्रतिशत यूवाहरूलाई रोजगारी सृजना गर्ने।
- व्यवसायिक तथा प्राविधिक काममा महिलाको सहभागिता २४ प्रतिशत बाट ४० प्रतिशत पुऱ्याउने।
- पाइपलाईन बाट खानेपानी वितरणलाई ४९.५ प्रतिशत बाट ९० प्रतिशत पुऱ्याउने।
- विद्युत पहुँचलाई ७४ प्रतिशत बाट ९९ प्रतिशत पुऱ्याउने।
- यूवा बेरोजगार दरलाई ३५.८ प्रतिशत बाट १० प्रतिशतमा झार्ने।
- कार्वन उत्सर्जन तह ०.१० मेट्रिक टन प्रति व्यक्ति बाट ०.०५ मा सिमित गर्ने।
- जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाको दर ३० प्रतिशत बाट झण्डै शून्यमा पुऱ्याउने।

## १.५ उदेश्य

***" आवधिक नगर विकास योजनाले लक्ष्य गरेको आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न यो वार्षिक योजना तर्जुमाले सहयोग गर्नेछ"***

वृहत्तर रामधुनीको अवधारणा, नगरपालिकाले तर्जुमा गरिरहेको बार्षिक योजना र अगामी दिनमा तयार पार्ने दीर्घकालिन लक्ष्य र क्षेत्रगत गुरुयोजना सहितको योजनाले परिकल्पना गरेको वातावरणीय तथा आवासीय दृष्टिकोणबाट स्वच्छ, शैक्षिक बिकासको दृष्टिकोणबाट स्वावलम्वी र उद्यमशीलता, व्यवसाय प्रर्वद्धनको दृष्टिकोणबाट सम्वृद्ध औद्योगिक नगरको दीर्घकालिन लक्ष्य प्राप्तिका लागि उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, आवास जस्ता क्षेत्रमा बिद्यमान अपार संभावना र चुनौती समेतलाई ध्यानमा राखी देशले अंगिकार गरेको दीर्घकालिन विकास नीति, दिगो विकासका लक्ष्य(SDGs), राष्ट्रिय शहरी बिकास नीति, राष्ट्रिय योजना आयोगको मार्ग निर्देशन, संघीय मामिला तथा समान्यप्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका मार्ग निर्देशन, नेपाल मानव विकास सुचकाङ्क, जिल्ला आवधिक योजना, नगरपालिका अनुदान संचालन कार्यविधि २०६७, नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७, बालमैत्री स्थानिय शासन कार्यविधि तथा रणनिति २०६८, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ तथा बातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०, स्थानीय सरकार संचालन ऐन २०७४, समेतलाई आधार बनाई शहरी पूर्वाधार तथा भौतिक बिकास, साहित्य कला, संस्कृति र पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुद, गरिवी न्युनिकरण तथा लक्षित क्षेत्र बिकास, वातावरण तथा बिपद् व्यवस्थापन, आर्थिक बिकास, बित्तीय बिकास, संस्थागत बिकाससंग सम्बन्धित नीति तर्जुमा, क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरु र केही रणनीतिक परियोजनाहरु कार्यान्वयन गरी आर्थिक तथा सामाजिक उन्नतिमा नगरवासीहरुको पहुंच बृद्धि गर्नु आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रमको मुख्य उद्धेश्य हुनेछ।

## १.६ प्राथमिकता

उपरोक्त उद्देश्य प्राप्तिका लागि नगरपालिकाबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विषयगत र क्षेत्रगत नीति, कार्यक्रम तर्जुमा गरिएको छ।

१. आधारभूत तथा आधुनिक शहरी सेवा सुविधाको पर्याप्त उपलब्धता सहित स्वच्छ, सृजनशिल र सम्वृद्ध औद्योगिक नगरको दीर्घकालिन लक्ष्य प्राप्तिका लागि दिगो आर्थिक वृद्धि हासिल गर्न कृषिमा आधुनिकीकरण, पर्यटन विकास र औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्ने,

२. मा□मा आधारित समयानुकुलको गुणात्मक शैक्षिक विकासमा सम्बन्धित निकायहरुसंग सहकार्य गर्ने,

३. सुरक्षित आवासका लागि बिद्यमान नीतिहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन र सरोकारवाला निकायहरुसंग सहकार्य अभिबृद्धि गर्ने,

४. स्थानीय निकायको हैसियतमा प्रचलित कानुन बमोजिम नगरपालिकाले लगाउन र उठाउन पाउने कर तथा आम्दानीका क्षेत्रहरुको पहिचान, संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण र एकिकृत नगर सूचना प्रणालीको बिकास गरी उपलब्ध श्रोतहरुको अधिकतम उपलब्धि हुने गरी परिचालन गर्ने,

५. सामाजिक मुलधारबाट पछि परेका वा पारिएका महिला, वालवालिका, अशक्त अपांग, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, पिछडिएका वर्ग र अति गरीव तथा सिमान्तकृत समुदायको विकासमा श्रोत साधनलाई यथोचित विनियोजन गर्ने,

६. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका गैर सरकारी संघसंस्था, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, र अन्य सरोकारवाला संघ संस्थाहरुसंग नगर क्षेत्रको विकास निर्माणको लागि सम्बन्ध बिकास तथा बिस्तार गर्ने,

७. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, संचालन तथा व्यवस्थापनसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई सूचना प्रविधिको अधिकतम उपयोग गरी नगरपालिकाको सूचना प्रणाली (Municipal Information System MIS) मा आवद्ध गर्ने,

८. नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि नगर क्षमता बिकास योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिने,

९. शिक्षा, संस्कृति, भाषा, साहित्य, खेलकुदको योजनाबद्ध बिकास गर्ने एवं पर्यटन क्षेत्रको विकासमा विभिन्न सरोकारवाला निकायहरु बीचको  सहकार्यलाई अघि बढाउने ,

१०. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगि संघसंस्थाहरुको सशक्तिकरण गरी स्वावलम्वन विकासको अवधारणालाई वढवा दिने,

११.सामाजिक न्याय र संबृद्धिको लागि नगर क्षेत्रको श्रोत साधनलाई प्रयोग गर्ने ।

१२ नगरपालिका मुख्य कार्यालय भवन निर्माणलाई उच्च प्राथमिक्तामा राखि बजेट विनियोजन गरिएकोछ भने वडा कार्यालय भवन नभएका वडाहरुलाई पनि कार्यालय भवनकालागि निरन्तरता दिईएकोछ ।

१३ रामधुनी नगरलाई उज्यालो नगरको रुपमा विकास गरिनेछ साथै हरियाली शहरको रुपमा विकास गरिनेछ ।

१४. शहरी विकास मार्फत बक्लौरी, कुमरखत, पंचायन, सिंगिया, लालपुर, शिवनगर, कुम्याही र डुम्राहालाई स्याटलाईट शहरको रुपमा विकास गर्ने नीति लिईनेछ ।

१५. रामधुनी नगरपालिका वडा नं. ९ स्थित रहेको धुराहा खेलमैदानलाई स्तरोन्नती गरी नगर स्तरीय स्टेडियमको रुपमा विकास गर्न प्राथमिकतामा राखी अगाडि बढाउने नीति अवलम्वन गरिनेछ ।

## १.७. आ.ब. २०७६/०७७ को लागि लिइएका नीति तथा कार्यक्रम

### १.७.१ आर्थिक विकास

### १.७.१.१ कृषी विकास सम्बन्धि नीतिहरु

१ वैज्ञानिक भूमी सुधार तथा भू-उपोग नीतिका आधारमा भूमिको बर्गिकरण गरिनेछ । कृषि योग्य जमिन, चक्लाबन्दी गरी सुपरजोन ब्लक र पकेट क्षेत्र स्तरका आधुनिक फर्महरुको विकास गरिनेछ । पशुपालन, माछापालन, तरकारी तथा फलफूल, दूध र आधारभूत खाद्यान्न गरी पाँच क्षेत्रमा आत्मनिर्भर बनाउदै जाने नीति लिइनेछ ।

२ कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति लिईनेछ ।

३ कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने नीति लिईनेछ ।

४. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने नीति लिईनेछ ।

५. कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

६. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने नीति लिईनेछ ।

७. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने नीति लिईनेछ ।

८ कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण गर्ने नीति लिईनेछ ।

९. शीत भण्डारणको निर्माण तथा व्यवस्थापनको लागि भौतिक पूर्वाधारको निर्माण र आधुनिक प्रविधिको विकास गरिने नीति लिईनेछ ।

१० कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने नीति लिईनेछ ।

११ उच्च गुणस्तरीय कृषि बीउविजन, उन्नत नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन गर्ने नीति लिईनेछ ।

१२ कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन गर्ने नीति लिईनेछ ।

१३ स्थानीय कृषकहरुको उत्पादन सहज बिक्रि वितरणका लागि केन्द्र, हाटबजार, चिस्यान केन्द्र स्थापना गरिनेछ ।

### १.७.१.२ पशु विकास सम्बन्धी नीति

१ पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अबलम्वन गरिनेछ ।

२ पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन गर्ने नीति लिईनेछ ।

३ पशु नश्ल सुधार पद्धति विकास र व्यबस्थापन गर्ने नीति लिईनेछ ।

४ पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गर्ने नीति अबलम्वन गरिनेछ ।

५ अत्याधुनिक पशु बधशाला र मिटमार्ट सेन्टर स्थापना र सोको व्यवस्थापन र नियमन गर्ने नीति अबलम्वन गरिनेछ ।

६. वडा नं. ४, ८ र ९ लाई पशुपालन/बाख्रापालन पकेट क्षेत्र बनाउने नीति लिईनेछ ।

### १.७.१.३.सहकारी विकास सम्बन्धि नीतिहरु

**"टोल टोलमा सहकारी : घरघरमा रोजगारी"**

१ सहकारी संस्था सम्बन्धी स्थानीय नियमावली, कार्यविधि निर्माण, कार्यान्वयन र नियमन गर्ने नीति अबलम्वन गरिनेछ ।

२ सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन गर्ने नीति अबलम्वन गरिनेछ ।

३ सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य गर्ने नीति अबलम्वन गरिनेछ ।

४ सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने नीति अबलम्वन गरिनेछ ।

५ स्थानीय सहकारीको क्षमता अभिवृद्धि प्रवर्द्धन, विकास र परिचालन गर्ने नीति अबलम्वन गरिनेछ ।

### १.७.१.४. उद्योग तथा उद्यमशिलता विकास, खानी तथा खनिज विकास सम्वन्धि नीतिहरु

१ लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन गर्ने नीति अबलम्वन गरिनेछ।
२ लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गर्ने नीति अबलम्वन गरिनेछ।
३ उद्यमशिलता प्रवर्द्धन गर्ने नीति अबलम्वन गरिनेछ।
४ व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गर्ने नीति अबलम्वन गरिनेछ।
५ सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन गर्ने नीति अबलम्वन गरिनेछ।
६ खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने नीति अबलम्वन गरिनेछ।
७ ढुङ्गा, गिटी, बालुवा, माटोको सर्वेक्षण, अन्वेषण, उत्खनन् गर्ने नीति अबलम्वन गरिनेछ।
८ ढुङ्गा, गिट्टी, बालुवा, माटोको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने नीति अबलम्वन गरिनेछ।
९ खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन गर्ने नीति अबलम्वन गरिनेछ।

### १.७.१.५. रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण सम्बन्धि नीतिहरु

१ गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गर्ने नीति अबलम्वन गरिनेछ।
२ गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गर्ने नीति अबलम्वन गरिनेछ।
३ गरिब तथा विपन्न घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने नीति अबलम्वन गरिनेछ।
४ गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने नीति अबलम्वन गरिनेछ।
६ रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गर्ने नीति अबलम्वन गरिनेछ।
७ स्थानीय स्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गर्ने नीति अबलम्वन गरिनेछ।
८ पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गर्ने नीति अबलम्वन गरिनेछ।
९ सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने नीति अबलम्वन गरिनेछ।
१० पहिचान भएको वेरोजगारीलाई रोजगारको अवसर दिने नीति अबलम्वन गरिनेछ।

## १.७.२. सामाजिक विकास

### १.७.२.१ आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धि नीति तथा कार्यक्रम

.१ प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा, किशोरी शिक्षा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
३ पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ।
४ विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन र प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ।
५ विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
६ शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने नीति अवलम्वन गरिने छ।
७ स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने नीति अवलम्वन गरिने छ।
८ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
९ स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
१०. बिधालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा प्रवेश तथा पहुच अभिबृद्धि गरायने।
११. दिवा खाजाको पहुच सबै समुदायिक बिद्यालयमा पुर्याउने नीति लिईनेछ।
१२. सामुदायिक बिद्यालयहरुको पुर्व प्राथमिक तह देखि माध्यमिक तह सम्म अग्रेजी माध्यम वाट पठन पाठन शुरु गर्ने नीति लिईने छ।

## १.७.२.२. खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्वन्धि नीतिहरु

.१ स्थानीय स्तरमा खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय गर्ने नीति अवलम्वन गरिने छ।
२ खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने नीति अवलम्वन गरिने छ।
३ खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने नीति अवलम्वन गरिने छ।
४ बिद्यालय स्तर वाटै अतिरिक्त क्रियाकलाप सम्बन्धी अन्य आवश्यक गतिविधिहरु संचालन गर्ने नीति अवलम्वन गरिने छ।
५. खेलाडिहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति अवलम्वन गरिने छ।
६. न.पा. भित्र रहेका बिभिन्न खेलमैदानको संरक्षण र स्तरौन्नती गर्ने नीति अवलम्वन गरिने छ।

## १.७.२.३. आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धि नीतिहरु

१ आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने नीति अवलम्वन गरिने छ।
२ राष्ट्रिय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने नीति अवलम्वन गरिने छ।
३ प्रादेशिक र संघीय मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
४ आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन गर्ने नीति अवलम्वन गरिने छ।
५ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ।
६ स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
७ सरसफाई सचेतनाको अभिवृद्धि गर्ने नीति अवलम्वन गरिने छ।
८ रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा संचालन गर्ने नीति अवलम्वन गरिने छ।
९ औषधि पसल सञ्चालन अनुमति र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
१० स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
११ औषधि तथा मेडिकलहरुका सेवाको न्यूनतम मूल्य निर्धारण र नियमन गर्ने नीति अवलम्वन गरिने छ।
१२ स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
१३ स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, पञ्चकर्म लगायत (स्वास्थ्य वृत्तको पालना ) का जनस्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिने छ।
१४ सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने नीति अवलम्वन गरिने छ।
१५ जनस्वास्थ्य, आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ।
१६ आकश्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने नीति अवलम्वन गरिने छ।

## १.७.२.४. लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धि नीतिहरु

### १.७.२.४.१ लैंगिक समानता सम्वन्धि नीतिहरु

.१ महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन गर्ने नीति अवलम्वन गरिनेछ।
.२ महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास तथा व्यवसायिक शिप विकास गर्ने नीति अवलम्वन गरिनेछ।
३ लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुन:स्थापना गर्ने नीति अवलम्वन गरिनेछ।
४ लैंगिक उत्तरदायी बजेट निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।
.५ आमा समुह, किशोरी समुह, महिला संस्था, महिला समिति/संजाल जस्ता संघ संस्था गठन, परिचालन र नियमन गर्ने नीति लिईनेछ।
६ एकल, विधवा तथा असहाय महिलाको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने नीति अवलम्वन गरिनेछ।
७. हिंसा पिडित महिला, बालबालिका, जेष्ठ नागरिकहरुलाई संहयोग, संरक्षण र पुनरस्थापन गर्ने नीति अवलम्वन गरिने छ।

### २.७.२.४.२ वालवालिका, किशोर किशोरी तथा युवा सम्वन्धि नीतिहरु

१ बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

.२ बालमैत्री साशकीय प्रवन्ध, बाल समुह, बाल संरक्षण समिति तथा बाल सञ्जाल गठन संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

.३ बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

४ बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

.५ बाल न्याय, बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन संचालन, अनुमती र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

६ असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

७ बाल हिंसा तथा बालश्रम नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ ।

८ आपतकालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

९ युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१० युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

११ यस आ.व.मा सबै वडालाई वाल विवाह मुक्त, वाल श्रम मुक्त तथा वालमैत्री वडा र नगर घौषणा गर्ने नीति अवलम्वन गरिनेछ ।

१२ नगरलाई बालमैत्री नगर बनाउन संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, जि.स.स. तथा अन्य साझेदार संग समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ ।

## **१.७.४.१.२ अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक सम्वन्धि नीतिहरु**

१ जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ जेष्ठ नागरिक समुह, दिवा सेवा केन्द्र, जेष्ठ नागरिक मिलन केन्द्र, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने निति अवलम्बन गरिनेछ ।

३ सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

४ अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।

५ अपांग मैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

६ अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी आवश्यक कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

७ समाजको गहनाको रुपमा रहेको जेष्ठ नागरिक लगायतका लागि सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणालीबाट थप व्यवस्थित गर्ने र Website मार्फत भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिक गर्ने कार्य भई रहेकोले बैक तथा वितिय संस्था संग संमन्वय गरी थप व्यवस्थित बनाउन पहल गरिनेछ ।

८. अपांगता भएकालाई विद्यालय तह तथा उच्च शिक्षामा छात्रबृती प्रदान गर्ने नीति अवलम्वन गरिने छ ।

९. अपांगता भएका व्यक्तिहरुकोलागि जिवन निर्वाहमुखि सीप प्रदान गर्ने नीति अवलम्वन गरिने छ ।

## **१.७.२.४.१.३ गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्वन्धि नीतिहरु**

१ स्थानीय स्तरमा समाज कल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

४ नगरपालिकामा कृयाशिल रहेका गैर सरकारी संस्थाहरुलाई एउटै छाताभित्र ल्याई तिनिहरुको कार्यमा दोहोरोपना आउन नदिन नगरस्तरीय NGO-DESKस्थापना र संचालन गर्ने ।

## **१.७.२.४.१.४ सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्वन्धि नीतिहरु**

.१ सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानून, मापदण्ड, नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

४ आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन सम्वन्धित निकायहरुमा पठाउने तथा सार्वजनिक गर्ने नीति अवलम्वन गरिनेछ ।

## १.७.२.४.१.५ संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन सम्वन्धि नीतिहरु

१ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ परम्परागत रुपमा चलिआएका जात्रा, मेला तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
५ पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
६ पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
७ रामधुनी मन्दिर परिसरलाई गुरुयोजना वनाई पूर्वाञ्चलको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने नीति लिइने छ ।
८ नगरमा रहेका वभिन्न जात जाती,भाषा, धर्म, सम्प्रदायको, पहिचान र उत्थान गर्ने नीति लिईनेछ ।

## १.७.३. वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन सम्वन्धि नीतिहरु

## १.७.३.१. वन, वन्यजन्तु, भू–संरक्षण तथा जैविक विविधता संरक्षण ।

१ वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ सामुदायिक, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमनगर्ने नीति अवलम्वन गरिनेछ ।
३  वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ नदी किनार, सार्वजनिक खाली जग्गा,ऐलानी पर्ती, पोखरी, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
५  निजी तथा व्यवसायिक वनको प्रबर्द्धन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
६  जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
७ नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, बृक्षरोपण र प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
८ वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन गर्ने नीति अवलम्वन गरिनेछ ।
९ वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
१० स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
११ वन्यजन्तु संरक्षणको माध्यम वाट पर्यटन र आयआर्जन गर्ने नीति अवलम्वन गरिनेछ ।
१२ सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम गर्ने नीति अवलम्वन गरिनेछ ।
१३ जलवायू परिवर्तन अनुकुलन कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
१४ आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
१५ सामुदायिक बन उपभोक्ता समुहको क्षमता विकासमा जोड दिई बन क्षेत्रको संरक्षण तथा विस्तारको नीति लिईनेछ ।

## १.७.३.२ वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण सम्वन्धि नीति

१ स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ वायू तथा ध्वनीको प्रदूषण नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ ।
३ हानिकारक पदार्थहरूको नियमन तथा  नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ ।
४ वातावरणीय जोखिम न्यूनीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
५ न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गर्ने नीति अवलम्वन गरिनेछ ।
६ वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
७ नगरलाई वातावरण मैत्री बनाउन तथा हरियाली कायम गर्न १० कि.मि. ऐलानि, प्रति तथा वाटोमा फूल विरुवा रोप्ने तथा एक वडा एक उद्यान पार्क निर्माणको अवधारण बनाई कार्यक्रम अगाडि बढाउने नीति लिईनेछ ।

८ सार्वजनिक पोखरीको संरक्षण गरी पानीको श्रोतको व्यवस्थापन र नयाँ पोखरी निमार्ण गर्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

९ नगर क्षेत्रमा रहेका नदी, ताल, पोखरी, पानीको मुहान आदिको क्षेत्रफल सीमा तथा क्षेत्राधिकारको विवरण अध्यावधिक गर्ने र उक्त प्राकृतिक रुपले वहाव भएको नदीनालालाई स्थानीय तहको स्वीकृती विना एक अर्को नदी नालामा मिसाउन नपाउने साथै घर निर्माण गर्दा तोकिएको क्षेत्राधिकार र सेट व्याक भित्र कुनै संरचना निर्माण गर्न नपाउने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने नीति लिईनेछ ।

१० नगर क्षेत्र भित्र रहेका राष्ट्रिय एंव सामुदायिक बनहरुलाई नगरपालिकाको मातहतमा ल्याई नगरपालिका बाट एकद्वार प्रणाली अपनाई संरक्षण एंव विकास गरिनेछ ।

## १.७.३.३ फोहोरमैला व्यवस्थापन सम्बन्धि नीति

१ फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि उपयुक्त डम्पिङसाइटको पहिचान गरी फोहोर प्रशोधन केन्द्रको व्यवस्थापन गर्ने नीति अवलम्वन गर्ने ।

३ सरसफाई  तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

४ सार्वजनिक शौचालय व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

५ पुर्ण सरसफाई वातावरणमैत्री वडा घौषणा तथा नगरलाई पुर्ण सरसफाइ वातावरणमैत्री नगर घोषणा गर्ने नीति अवलम्वन गरिनेछ ।

६ फोहरलाई श्रोतमै छुटयाउने नमुना टोलहरु बनाउने कार्यक्रमलाई अगाडि बढाउने उत्कृष्ट टोल विकास संस्थाहरु, संघ-संस्था तथा व्यक्तिहरुलाई पुरस्कृत तथा सम्मानित गरिने नीति लिईनेछ ।

७ आवागमनलाई सहजता प्रदान गर्नबाटोको आसपास बाटो अवरोध नहुने गरी २४ घण्टा भन्दा बढी कुनै पनि निर्माण सामाग्रीहरु राख्न नदिने र सो बाट उत्पादन भएको फोहोर सम्वन्धित व्यक्तिलाई नै हटाउन लगाउने । अटेर गरी नहटाउनेलाई फोहरमैला व्यवस्थापन ऐन तथा अन्य प्रचलित कानून वमोजिम कडाईका साथ दण्ड जरिवाना गर्ने नीति लिईनेछ ।

८ फोहरमैलाको व्यवस्थापनको निमित्त फोहोर संकलन गर्ने समय, स्थान र विर्सजन गर्ने स्थान आदिको विस्तृत कार्यसूचि तयार पारी सार्वजनिक गर्ने र सो अनुसार कार्यान्वयन गर्ने गराउने नीति लिईनेछ ।

९ सहभागिता मुलक र प्रतिनिधित्वयुक्त सामुदायिक विकासका लागि टोल विकास संस्था तथा सामुदायिक विकास कार्यकमहरुलाई समेत निरन्तरता दिदै टोल विकास संस्थालाई क्षमता वृद्धि गरि थप भूमिका प्रदान गर्दै न.पा.को विकास निर्माण र अन्तरिक आय वृद्धिका क्रियाकलापमा परिचालन गरिनेछ ।

१०. दिसा जन्य फोहर व्यवस्थापन

## १.७.३.४ विपद् व्यवस्थापन सम्वन्धि नीति

१ स्थानीय तहको विपद् व्यवस्थापनको लागि पुर्व तयारी विपद् प्रतिकारी योजना बनाई कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

४ विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।

५ विपद् जोखिम क्षेत्रको नक्साङ्कन (Prone Zone mapping) तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ ।

६ विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

७ विपद् कोषको सञ्चालन र स्रोत साधनको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

८ विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

९ विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने नीति अवलम्वन गरिनेछ ।

१० प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी सम्वन्धि नीति अवलम्वन गरिनेछ ।
११ विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
१२. ई.ओ.सि. सेन्टरलाई थप व्यवस्थित गर्ने नीति अवलम्वन गरिने छ ।

## १.७.४ भौतिक पूर्बाधार बिकास सम्वन्धि नीतिहरु

### १.७.४.१. सडक तथा यातायात व्यवस्था सम्वन्धि नीति तथा कार्यक्रम

१ नगरपालिकाको मापदण्ड वमोजिम नक्सा कित्ताकाट भएको सडकमा मात्र सडक निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ । स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान,  अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार गर्ने नीति अवलम्वन गरिनेछ ।
३ यातायात सुरक्षा व्यवस्थापन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
५ टेम्पो, ट्याक्सी, म्याजिक भ्यान तथा सिटि सफारि सेवाको अनुमती, व्यबस्थापन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
६ वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता, जेष्ठ नागरिक र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
७ यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच गर्ने नीति अवलम्वन गरिनेछ ।
८ यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
९ नगरपालिका देखि छिमेकको स्थानीयतह संग जोडिने गरि कम्तीमा २२ मिटर चौडाई भएको न्यूनतम १ सडक ल्याण्ड पुलिङ्गको अवधारणा वमोजिम विकास गर्न सम्भाव्यता अध्ययन कार्य चालु आ.व.०७६।०७७ मा  गर्ने साथै नगर क्षेत्र भित्र ११ मिटरचौडाई भएको सडक विकासको सम्भाव्यता अध्यन गरिनेछ ।
१० पूर्वाधार निर्माणको गुणस्तरियता यकिन गर्न निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण विस्तृत सर्वेक्षण, ल.ई., डिजाईन, सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
११ स्थानीय पूर्वाधार नीतिले निर्धारण गरेका एकिकृत जग्गा विकास (Land Pooling), एकिकृत बस्ती विकास (Integrated Settlement Development), एकिकृत आवास विकास (House Pooling)  का योजना संचालन गरिने निति लिईनेछ ।
१२. नगर स्तरीय सडकको मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुका साथै नगरको आर्थिक सहयोगबाट निर्माण सुधार हुने अन्य सडकको चौडाई नेपाल सरकारले तोकिएको मापदण्ड अनुसार निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
१३  नगर क्षेत्रभित्र प्रयोगमा आई रहेका सडकहरुको मर्मत संभार एंव दुर्घटना न्यूनीकरणमा योगदान पुग्ने हिसावले मर्मत सम्भार, स्तरउन्नती तथा विस्तार गरिने नीति लिईनेछ ।

### १.७.४.२. जलविद्युत, उर्जा, सडकवत्ती व्यवस्थापन सम्वन्धि नीतिहरु

१ नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र विस्तारमा समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।
३ जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ सडक वत्ती तथा सौर्य सडक वतीको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
५ नगरको मुख्य बजार क्षेत्र लगायत आर्थिक सामाजिक रुपले पछाडि परेका समुदाय (CAC) को बस्तिमा सौर्य सडक वत्ति जडान तथा व्यवस्थापन गरिनेछ ।
६ विधुत लाईन विस्तार सब स्टेशनको व्यवस्थापन गरिनुको साथै विधुत महसुल बुझाउने काउण्टरहरुको स्थापना र संचालन गरिने नीति लिईनेछ ।

### १.७.४.३. सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धि नीतिहरु

१ सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय तटबन्ध, नदी नियन्त्रण (वायो ईन्जिनियरिङ्ग प्रविधि) तथा नदी व्यवस्थापन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
५ साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने नीति अवलम्वन गरिनेछ ।

## १.७.४.४. सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन सम्वन्धि नीतिहरु

१ आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

## १.७.४.५. खानेपानी व्यवस्थापन सम्वन्धि नीतिहरु

१ स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ पानी मुहानको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
५ स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी नीति अवलम्वन गरिनेछ ।
६ .नगरपालिका क्षेत्र भित्रका पानीका श्रोतलाई एकिकृत गरी बृहत खानेपानी आयोजना संचालन गर्न नगरमा भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति संग समन्वय गरि " **एक घर एक धारा** " को अवधारण अन्तर्गत स्वच्छ सफा पिउने पानी व्यवस्थापनको प्रयास गरिने नीति लिईनेछ ।

## १.७.५.सार्वजनिक निजी साझेदारी सम्वन्धि नीतिहरु

१ स्थानीय सार्वजनिक–निजी साझेदारी सम्वन्धी स्थानीय नीति, योजना निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
२ समान्य प्रशासनमा निजी क्षेत्रको प्रबर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ कृषी उत्पादनलाई बढाउदै कृषकलाई आत्मनिर्भर वनाउन कृषी व्यवसायलाई विशेष प्राथमिकता दिदै उत्पादनशिल बस्तुहरुको भण्डारणको लागि सार्वजनिक निजी साझेदारी सम्वन्धि नीति अवलम्वन गरिनेछ ।
४ नगरपालिका क्षेत्र भित्र नदी कटान, बन संरक्षण, कृषीको विकास, घरेलु उद्योग तथा कुटिर उद्योगको स्थापना र विकासकोलागि निजी क्षेत्रलाई प्रोत्साहान गर्ने नीति लिईने छ ।
५ खेल मैदान, पार्क, वालउद्यान, मठ मन्दिर एंव पुरातात्वीक महत्वको विषयमा संरक्षण एव संबर्द्धन, संस्कृति जगेर्ना तथा पुनरउत्थान आदिको विकास तथा विस्तारकोलागि सार्वजनिक निजी साझेदारी सम्वन्धि नीति अवलम्वन गरिनेछ ।

## १.७.६ भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धि नीति

## १.७.६.१ भू–उपयोग तथा वस्ती विकास नीति तथा कार्यक्रम

१ शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ नगरपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।
५ योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
६ एकिकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास कार्यक्रमको तर्जुमा र व्यबस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
७ आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

८ संघीय, प्रदेश र स्थानीय कानून बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ।
९ स्थानीयस्तरमा भुमिहिन सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ।
१० नगर क्षेत्र भित्र भएको सार्वजनिक ऐलानी, पर्ति, खोला, पोखरी, खाल्डो आदि जग्गाहरुको पहिचान गरि संरक्षण गर्ने नीति लिईनेछ। स्ववासी सुकुम्वासीहरुको हकमा पनि प्रदेश र संघीय सरकारको नीति निर्देशन नआए सम्म विक्री तथा मोठ कायमको सिफारिस गरिने छैन तर उचित बस्ति विकास व्यवस्थापन भने नगरकार्यपालिकाको निर्णय वमोजिम हुने नीति लिईनेछ।

## १.७.६.२ जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा सम्वन्धि नीति

१ घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ।
२ भूमिको वर्गीकरण अनुसारको लगत कायम गर्ने नीति अवलम्वन गरिनेछ।
३ जग्गाको कित्ताकाट र भूमि लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण
४ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने नीति अवलम्वन गरिनेछ।
५ जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता गर्ने नीति अवलम्वन गरिनेछ।
६ विश्व सम्पदा सूचीमा ल्याउने गरि स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत तयार गरि कार्य अगाडि बढाउने नीति लिईनेछ।

## १.७.६.३ भवन तथा भवन संहिता एवं निर्माण इजाजत सम्वन्धि नीतिहरु

१ भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ।
२ राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन गर्ने नीति अवलम्वन गरिनेछ।
३ भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन गर्ने नीति अवलम्वन गरिनेछ।
४ पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माणलाई प्राथमिकता दिइनेछ।
५ सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभार गर्ने नीति अवलम्वन गरिनेछ।
६. नगरक्षेत्र भित्र नगरपालिकाको ईजाजत विना जग्गा विकास तथा प्लटिङ्ग गर्ने, भवन संरचना निर्माण गर्ने, स्थायी संरचनालाई अस्थायी भनि नगरपालिका वाट पानी, बिजुली सरसफाई सेवा लगायतका सेवा सुविधा दुरुपयोगलाई निरुत्साहित गरी नगरपालिका वाट निर्माण ईजाजत लिई मात्र संरचना निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिने नीति लिईनेछ। उक्त सेवाहरुलाई भवन निर्माण ईजाजत प्रणाली संग आवद्ध गर्ने र भवन ईजाजत नलिई निर्माण गरिएका भवन तथा संरचनाहरुमा नगरवाट प्राप्त गर्ने सेवा सुविधा रोक्का राख्ने नीति लिईनेछ। नगरपालिका हुनु पुर्वका संरचानालाई क्रमशः नियमित प्रकृयामा ल्याईने नीति अवलम्वन गरिनेछ।

## १.७.७ योजना, अनुगमन तथा तथ्यांक सम्वन्धि नीतिहरु

## १.७.७.१. योजना संचालन सम्वन्धि नीतिहरु

१ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन गर्ने नीति अवलम्वन गरिनेछ।
२ समान्य प्रशासन नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन गर्ने नीति अवलम्वन गरिनेछ।
३ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने नीति अवलम्वन गरिनेछ।
४ विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ।
५ एक करौड भन्दा माथिका विकास योजनाहरुको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन(IEE)गर्ने नीति अवलम्वन गरिनेछ।
६ उपभोक्ता समिति मार्फत विकास निर्माण कार्यलाई अगाडि बढाउदै समितिको विवरण र क्षमता विकास गर्ने नीति अवलम्वन गरिनेछ।

७ वडा, नगर, संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
८ नगर सभावाट विनियोजित तथा कार्यक्रम अनुसारको खरिद योजना बनाई आ.ब.को फाल्गण मसान्त सम्म संझौता गरि बैशाख मसान्त सम्ममा कार्यान्वयन गरि फरफारक गरि सक्ने नीति लिईनेछ ।
९. लागत सहभागित रकम उठन नसक्ने योजना कार्यक्रमको सन्र्दभमा पहिलो चोमासिकमैं ठेक्का/कोटेशन प्रकृया मार्फत योजना संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
१०. नगर क्षेत्र भित्र पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिलाई दिईनुपर्ने दायित्व (जनसहभागिता) नदिने नबुझाउने व्यक्तिहरुको उपभोक्ता समितिको निर्णय वमोजिम नगरपालिकाले दायित्व भुक्तान नगरुन्जेल निज र निजको परिवारसमेतलाई न.पा.वाट उपलब्ध हुने सेवा सुविधा रोक्का राख्ने नीति अवलम्वन गरिनेछ ।
११. योजना कार्यान्वयन गर्दा मर्मत सम्भार कोष ०.५ प्रतिशत र कुल लागत ईष्टिमेटको २.५ प्रतिशत कन्टनजेन्सी वाट जम्मा भएको रकम सम्बन्धित खातामा जम्मा गरि आवश्यक योजना बनाई खर्च गर्ने नीति अवलम्बन गरिनेछ ।

### १.७.७.२ अनुगमन तथा मूल्यांकन सम्वन्धि नीतिहरु

१ विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफल(असर र प्रभाव)को समीक्षा गर्ने नीति अवलम्वन गरिनेछ ।
२ विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण गरी कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने नीति अवलम्वन गरिनेछ ।
४ योजना तर्जुमा, कार्यान्वयन एवं मूल्याङकनमा समन्वय र सहयोगका लागि कार्यतालिका (Work Schedule) बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारिता ल्याईनेछ ।
५. योजनामा अन्तिम फरफारक लिने वेलामा सार्बजनिक परिक्षण अनिवार्य गर्नु पर्ने र सार्वजनिक परिक्षण गर्द सम्बन्धित उपभोक्ताहरुको भेलाको माईन्यूट, फोटो पेश गर्नु पर्नेछ ।

### १.७.७.३ तथ्यांक व्यवस्थापन सम्वन्धि नीतिहरु

१ तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।
२ सूचना तथा अभिलेख केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
३ स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।
४ आधारभूत तथ्यांक संकलन र व्यबस्थापन गर्ने नीति अवलम्वन गरिनेछ :
(जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख )
५ बेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

## १.७.८ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्वन्धि नीतिहरु

### १.७.८.१ नगर प्रहरी व्यवस्थापन सम्वन्धि नीतिहरु

१ संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ नगर प्रहरीमार्फत, नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयन, सम्पत्तिको संरक्षण, सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापन, स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापन, बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

### १.७.८.२ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्वन्धि नीतिहरु

१ न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ न्याय तथा कानूनी राज्यको परिपालना गर्ने नीति अवलम्वन गरिनेछ ।

३ मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

### १.७.८.३ विधायन सम्वन्धि नीतिहरु

१ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।

२ नीति, कानुनको प्रामाणीक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

## १.७.९ वितिय व्यवस्थापन सम्वन्धि नीतिहरु

### १.७.९.१. राजश्व नीति

१ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन) लिने नीति अवलम्वन गरिनेछ ।

४ राजश्वको सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्वन गरिनेछ ।

५. आधारभुत करका दरहरुलाई यथावत राखि सो को दायरा फराकिलो बनाउदै स्थानिय कर प्रणलीलाई बैज्ञानिक र समृद्ध तुल्याउने नीति अवलम्वन गरिनेछ ।

### १.७.९.२ आर्थिक प्रशासन सम्वन्धि नीति

१ आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

२ लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ सार्वजनिक खरिद ऐन नियम र नेपाल सरकार वाट लागु भएको सफ्टवेयर शुत्र प्रयोगमा ल्याईनेछ ।

४ यस न.पा.मा सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फर्छोट गर्ने कार्यलाई प्रभावकारी बनाउन लेखा समितिको सचिवालय सुद्धिढ गरिनेछ ।

## १.७.१० संस्थागत विकास सम्वन्धि नीतिहरु

१.नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ तथा नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ मा व्यवस्था भए अनुसारको सांगठनिक संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ । सुशासन कार्यान्वयन तर्फ सार्वजनिक सुनुवाई र उपभोक्ता समितिबाट सार्वजनिक परीक्षणलाई व्यवस्थित गर्दै लगिनेछ । सुशासन ईकाइ र सार्वजनिक खरिद ईकाईलाई थप सकृय पारिनेछ । आयोजना स्थलमा होर्डिङबोर्ड राख्ने, खर्च सार्वजनिक गर्ने, कार्यालयमा उजुरी पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी तोक्ने, नगर कार्यपालिकाको प्रवक्ता तोक्ने, डिजिटल नागरिक वडापत्र संचालनमा निरन्तरता दिदै प्रभावकारी ढंगले अगाडी बढाईनेछ ।

२.नगरलाई विश्व सामु चिनाउन राष्ट्रिय/अन्तर्राष्ट्रिय नगरहरु संग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

३. नगरवासी सँग सरोकार राख्ने यावत सूचनाहरुको संकलन, प्रशोधन, भण्डारण र प्रवाह गर्न सक्ने स्वचालित आधुनिक सूचना प्रविधि मैत्री नगर सुचना केन्द्र तथा पुस्तकालयलाई व्यवस्थितरुपमा तत्काल संचालन गरि वडा कार्यालय समेतमा विस्तार गरिने नीति लिईनेछ ।

४. सामाजिक जवाफदेहिताको कार्यविधि तयार गरि कार्यविधि वमोजिमको औजारहरुलाई कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ ।

## १.७.११ बजेटको सारांश

### आदरणिय सभाध्यक्ष ज्यू

अब म यस नगरपालिकाले प्रस्तुत गरिएको नीति तथा कार्यक्रम पुरा गर्न यस आ.ब. ०७६।०७७ कोलागि ५०,७३,००,०००।०० पचास करोड त्रिहतर लाखको अनुमानित आय व्यय विवरणको सारांश प्रस्तुत गर्न अनुमती चाहन्छु ।

### आय तर्फ

रु. हजारमा

| सि.नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | प्राप्तिको विधि | जम्मा बजेट सीमा |
|---|---|---|---|---|---|
| 1 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५५४०० |
| 2 | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १७०००० |
| 3 | प्रदेश सरकार | प्रदेश नंबर १ | समानिकरण अनुदान | नगद अनुदान | ७६५९ |
| 4 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६८८२ |
| 5 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०६००० |
| 6 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४०३५९ |
| 7 | जनसहभागिता | जन सहभागिता | आन्तरिक अनुदान | नगद | २१००० |
| | | | | जम्मा | ५०७३०० |

ब्यय तर्फ

| सि.नं. | संकेत | शीर्षक | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | जन सहभागिता |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | |
| **१** | **१** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **११५०८०.२९९** | **१११०४८.२९९** | **४००२** | **०** | **३०** |
| २ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११४५२९.२९९ | ११०५४८.२९९ | ३९५१ | ० | ३० |
| **३** | **२** | **आर्थिक विकास** | **२२५९५.९९९** | **५५४९.९९९** | **१६४००** | **०** | **६४६** |
| ४ | २०१ | कृषि | १४१५९.९९९ | ३४४९.९९९ | १०६७० | ० | ४० |
| ५ | २०२ | उद्योग | ४०० | ० | ४०० | ० | ० |
| ६ | २०३ | पर्यटन | २२०० | १६०० | ६०० | ० | ० |
| ७ | २०४ | सहकारी | १२७१ | ५०० | ७०५ | ० | ६६ |
| ८ | २०६ | जलश्रोत तथा सिंचाई | ३२४० | ० | २७०० | ० | ५४० |
| ९ | २०७ | बन | ६०० | ० | ६०० | ० | ० |
| १० | २०८ | पशुपन्छी विकास | ४७५ | ० | ४७५ | ० | ० |
| ११ | २१० | वाणिज्य | २०० | ० | २०० | ० | ० |
| **१२** | **३** | **पूर्वाधार विकास** | **१८०३६६.७०२** | **२५५९६.७०२** | **१३४१५७** | **७५५** | **१९८५८** |
| १३ | ३०१ | यातयात पूर्वाधार | ११७३४८ | ९२८५ | ८९८५४ | ५५५ | १७६५४ |
| १४ | ३०२ | भवन, आवास तथा सहरी विकास | ५८७१४.०३६ | १६०३५.०३६ | ४०५५५ | २०० | १९२४ |
| १५ | ३०३ | उर्जा | ४५५८ | ७३० | ३५४८ | ० | २८० |
| १६ | ३०४ | संचार तथा सूचना प्रबिधि | २९७.६६६ | ४६.६६६ | २५१ | ० | ० |
| **१७** | **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **६२८३** | **२२५०** | **१०३३** | **३०००** | **०** |
| १८ | ४०१ | शासन प्रणाली | १५० | ० | ० | १५० | ० |
| १९ | ४०३ | प्रशासकीय सुशासन | २६०० | ९५० | ० | १६५० | ० |
| २० | ४०४ | वित्तीय सुशासन | ३५० | ० | २०० | १५० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | ४०९ | श्रम तथा रोजगारी | ४८३ | ० | ४८३ | ० | ० |
| २२ | ४१३ | अनुगमन तथा मूल्यांकन | ५० | ० | ५० | ० | ० |
| २३ | ४१५ | वातावरण तथा जलवायु | ५२५ | ३२५ | २०० | ० | ० |
| २४ | ४१६ | मानब संशाधन विकास | १०५० | ० | ० | १०५० | ० |
| २५ | ४१७ | विपद व्यवस्थापन | १०७५ | ९७५ | १०० | ० | ० |
| **२६** | **७** | **सामाजिक विकास** | **१८२९७४** | **८७९६** | **१६९८०८** | **३९०४** | **४६६** |
| २७ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | २४० | १ | ० | २३९ | ० |
| २८ | ७०३ | युवा तथा खेलकुद | ४३४८ | ११६५ | २२२५ | ८६५ | ९३ |
| २९ | ७०४ | खानेपानी तथा सरसफाई | २४२८ | ० | १९८८ | ३४० | १०० |
| ३० | ७०५ | भाषा तथा संस्कृति | ५४६ | ० | ५४६ | ० | ० |
| ३१ | ७०६ | शिक्षा | १३७२७० | ३९५५ | १३३२०९ | ० | १०६ |
| ३२ | ७०७ | स्वास्थ्य | २५५६३ | २३७५ | २३१६३ | २५ | ० |
| ३३ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १२६२९ | १३०० | ८७२७ | २४३५ | १६७ |
| **कुल जम्मा** | | | **५०७३००** | **१५३२४१** | **३२५४००** | **७६५९** | **२१०००** |

धन्यवाद

सविना कुमारी चौधरी

उप प्रमुख तथा संयोजक

एकिकृत बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति

रामधुनी नगरपालिका, झुम्का सुनसर